आज मिति २०७३।०८।३० गतेका दिन निर्वाचन क्षेत्र पूर्वाधार, विशेष कार्यक्रम संचालन कार्यविधि, नियमावली २०७१ को नियम ३ बमोजिम योजनाहरु छनौट गर्न धनुषा जिल्ला क्षेत्र नं ३ का माननीय सांसद श्री प्रेम किशोर साहज्यूको संयोजकत्वमा बैठक वसी देहाय बमोजिमको उपस्थितिमा निम्न अनुसारका निर्णयहरु गरियो ।

## उपस्थिति

माननीय सांसद श्री प्रेम किशोर साह (संयोजक)

माननीय सांसद (समानुपातिक) श्री रामसिंह यादव सदस्य

नि.स्था.वि.अ. श्री महेन्द्र महतो सदस्य

ईन्जिनियर. (जि.प्रा.का) श्री फेकन राउत गडेरी सदस्य

डि.ई. (जि.खा.पा.स.स.डि) श्री दशै मण्डल सदस्य

कार्यकारी अधिकृत (ग.चा.न.पा.) श्री लक्ष्मेश्वर यादव सदस्य

कार्यकारी अधिकृत (स.न.पा.) श्री चन्द्रशेषर शर्मा सदस्य

कार्यकारी अधिकृत (ध.न.पा.) श्री रामहरि पाण्डे सदस्य

यो.अ. तथा प्र. अधिकृत श्री रामप्रसाद आचार्य सदस्य-सचिव

## विशेष आमन्त्रित

आ.ले.प.अ. श्री प्रमोद कुमार घिमिरे

ले.अ.(जिविस) श्री फिरोज आलम

क.अ. (जिविस) श्री विजय कुमार यादव

ने.कां श्री मदन यादव

खरिदार (जिविस) श्री ज्ञानेन्द्र कुमार झा

कार्यालय सहयोगि श्री राजु श्रेष्ठ

माओवादी केन्द्र - श्री झल्कु यादव

ने.कां. श्री मदन यादव

ने.कां. श्री जितनारायण यादव

म. केन्द्र - श्री संजय दास

प्रस्ताव नं. १ : समानुपातिक माननीय सांसदज्यूहरुबाट नियमावली बमोजिम लगानी सम्वन्धमा

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम, नियमावली २०७१ को नियम नं. ३ को (ख) को प्रयोजनमा माननीय सांसद श्री रामसिंह यादवज्यूबाट सम्वन्धित निर्वाचन क्षेत्र नं. ६ मा निर्वाचन क्षेत्र विकास कार्यक्रम अनुसार नेपाल सरकारवाट विनियोजित हुने रु. ५० लाख मध्येबाट न्यूनतम ५१ प्रतिशत धनुषा क्षेत्र नं. ६ मा लगानी गर्ने प्रतिबद्धता जनाउनु भएकोले यस बैठकवाट वहाँहरु प्रति हार्दिक सम्मान व्यक्त गर्दछौं ।

प्रस्ताव नं. २ योजना छनौट सम्बन्धमा ।

निर्णय नं. २ : प्रस्ताव नं. २ माथि छलफल गर्दा निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम २०७१ बमोजिम प्रति निर्वाचन क्षेत्रमा प्राप्त हुने ३ करोडको बजेटको सम्बन्धमा धनुषा जिल्लाको क्षेत्र नं. ६ को लागि आ.ब. ०७३।०७४ मा प्राप्त हुने अख्तियारी जम्मा ३ करोड मध्ये तपसिल अनुसारको योजनाहरुको लागि रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | बजेट रकम | संचालन हुने प्रकृया |
|---|---|---|---|
| १ | गणेशमान चारनाथ न.पा. वडा नं. १० सामूहिक शहिद स्मृति भवन | १० लाख | |
| २ | ग.चा.न.पा. वडा नं. १० शहिद श्री प्रसाद यादवजीको नाममा धर्मशाला निर्माण | १५ लाख | |
| ३ | ग.चा.न.पा. ६ मा टोल चितहा अधुरो सामुदायिक भवन निर्माण | १० लाख | |
| ४ | ग.चा.न.पा. मा कबिर कुटी निर्माण | २० लाख | |
| ५ | सबैला न.पा. ५ रहेको बजार व्यवस्थापन | ५० लाख | |
| ६ | सबैला न.पा. ५ मा अधुरो रामजानकी मन्दिर निर्माण | १० लाख | |
| ७ | सबैला ६ मा मदरसा निर्माण | १० लाख | |
| ८ | सबैला ७ मखनाहा बलरामसिंह कार्किको घरदेखि धनुषाधाम जाने सडक सम्म सडक मर्मत | २० लाख | |

| | | | |
|---|---|---|---|
| ९ | धनुषाधाम न.पा.को सोनापुर देखि बरकुवा सम्म सडक ग्राभेल तथा कल्भर्ट निर्माण | २० लाख | |
| १० | धनुषाधाम न.पा. सरसा टोल देखि जानकी निवास सम्म सडक निर्माण | २० लाख | |
| ११ | धनुषाधाम न.पा. ठाकुर प्रसाद ढुंगानाको प्रतिक्षालय निर्माण | १० लाख | |
| १२ | रघुनाथपुर गाविसको टोल प्रसाहीमा पुल निर्माण | ४० लाख | |
| १३ | बरकुवा देखि जरहिया प्रसाही सम्म सडक निर्माण | ४० लाख | |
| १४ | कजरा रमौल गाविस टोल इनर्वा ९ मा सामुहिक दलान निर्माण | १० लाख | |
| १५ | भटियाही देखि पर्साही सम्म सडक ग्राभेल | १५ लाख | |

प्रस्ताव नं. ३ : अनुगमन समिति सम्बन्धमा :

निर्णय नं. ३ : प्रस्ताव नं. ३ माथि छलफल गर्दा निर्वाचन क्षेत्र नं. ६ मा ५१ प्रतिशत भन्दा बढि लगानी गर्नु हुने माननीय सांसदज्युहरु मध्येबाट निर्वाचन क्षेत्र विशेष पुर्वाधार कार्यक्रम नियमावली २०७१ को नियम १४ अनुसार देहाय बमोजिमको योजना अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक माननीय सांसद : श्री रामसिंह यादव

सदस्य माननीय सांसद : श्री प्रेम किशोर प्रसाद साह